# दिप्रुङ चुइचुम्मा गाँउपालिकाको विनीयोजन ऐन २०७५

दिप्रुङ चुईचुम्मा गाँउपालिका
याङसोलाटार, खोटाङ
१ नं.प्रदेश,नेपाल

# अनुसूची ७
## (दिग्दर्शनको दफा ५.५.३ संग सम्वन्धित)
## दिप्रुङ चुईचुम्मा गाँउपालिकाको विनियोजन ऐन

**दिप्रुङ चुइचुम्मा गाँउपालिकाको आर्थिक वर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

सभाबाट स्वकृित मिति .......................

प्रस्तावना

**दिप्रुङ चुइचुम्मा गाँउपालिकाको** आर्थिक वर्ष २०७५/०७६को सेवा कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप- धारा (२) बमोजिम **दिप्रुङ चुइचुम्मा गाँउपालिकाको** गाँउ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "**दिप्रुङ चुइचुम्मा गाँउपालिकाको** विनियोजन ऐन २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०७५/०७६ को निमित्र सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार : (१) आर्थिक वर्ष कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ३४,३२,४४०००।- (अक्षेरुपी चौतिस करोड वत्तिस लाख चौवालिस हजार रुपैयाँ) मा नवढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ । साथै गाउपालिकाको संचित कोषमा मौज्दात रहने रकम गा.पा.को वैठकले निर्णय गरि खर्च गर्न सकिनेछ ।

३. विनियोजन : (१) यस ऐनद्धरा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५/०७६ को निमित्त **दिप्रुङ चुइचुम्मा गाँउपालिकाको** गाँउ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखीएको भए तापनि कार्यपालिका , वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनै अपुग हुने देखिन आएमा गाँउ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी सार्दा शीर्षककबाट सो शीर्षिकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ विनियोजित रकम सावा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकमा सार्न र वित्तीय व्यवस्था अन्तर्गत सावा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाँउ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि -१

(दफा २ संग सम्बन्धित )

## नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संचित कोषबाट विनियोजन हुने रकम

रु .हजारमा

| क्र.स. | अनुदान रकम | शीर्षकको नाम | चलु खर्च | पूँजिगत खर्च | वितिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाँउ कार्यपालिका | ४५८०५००० | ८०४४६००० | | १२६२५१००० |
| २ | | वडा समिति | | २४५०००० | | २४५०००० |
| ३ | | विषयगत शाखा | १५२४९३००० | | | १५२४९३००० |
| ४ | | सामाजिक सुरक्षा | ४०००००० | | | ४०००००० |
| ५ | | आन्तरिक आय | | ५००००० | | ५००००० |
| ६ | | अन्य विषयगत कार्यक्रम | | ७४०१०० | | ७४०१०० |
| | | जम्मा | | | | ३४,३२,४४००० |